# मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(सामान्य प्रशासन शाखा)
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

प.सं.:-०८२/८३ च.नं.:- फोन नं. -०४८-५४०११२

**सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना।**
**प्रथम पटक प्रकाशन मिति:२०८२।०९।१४**

मन्थली नगरपालिकाको **करारमा जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६** बमोजिम **मन्थली नगरपालिका अन्तरगत देहाय अनुसारका** पदका लागि खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा कर्मचारी आवश्यक भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले तोकिएका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन (दरखास्त दिने अन्तिम दिन २०८२/०९/२८ गते सार्वजनिक बिदा परेमा बिदा पश्चात कार्यालय खुलेको पहिलो दिन) भित्र कार्यालय समयमा लोक सेवा आयोगबाट निर्धारित दरखास्त फारम भरी यस नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**१. विज्ञापन नं, पद तथा आवश्यक न्यूनतम योग्यता:**

| सि.नं. | विज्ञापन नं. | पद | सेवा | संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | काम गर्नु पर्ने स्थान |
|---|---|---|---|---|---|---|
| १ | १-२०८२।०८३ | कम्प्युटर सहायक/बालमैत्री सहजकर्ता | सेवा करार | ३ (तीन) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ पास गरी कम्प्युटर सम्वन्धि कम्तीमा आधारभूत तालिम लिएको। | मन्थली नगरपालिका अन्तर्गतका १०, १३ र १४ नं वडा कार्यालय र समुदायमा |
| २ | २-२०८२।०८३ | सुरक्षा गार्ड/पाले (पुरुष) | सेवा करार | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा-८ उत्तिर्ण गरी, नेपाली सेना वा शसस्त्र प्रहरी वा नेपाल प्रहरीमा काम गरेको वा मान्यता प्राप्त तालिम केन्द्रबाट सुरक्षा गार्ड सम्बन्धी कम्तिमा १ महिने तालिम प्राप्त र १ वर्षको कार्य अनुभव लिएको दुईपाग्रे सवारी साधन चालक अनुमति पत्र भएको। | मन्थली अस्पताल |

**२. संलग्न गर्नु पर्ने कागजातहरु :**

क) दरखास्त फारम (ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (ग) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रितिलिपिहरु (घ) मान्यता प्राप्त कम्प्युटर तालिम केन्द्रबाट कम्प्युटर सम्वन्धी कम्तीमा आधारभूत तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि (ङ) कार्यानुभवको कागजातको प्रतिलिपि (च) फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको स्वघोषणा पत्र। (छ) राजश्व वुझाएको रसिद। (विज्ञापन नं २ का लागि निरोगिता प्रमाण पत्र आवश्यक पर्ने, वुदा नं (घ) मा तोकिएका काजजात आवश्यक नपर्ने)

**२.१ सुरक्षा गार्डका लागि थप योग्यता/कागजात:**

**क.** शारीरिक रुपमा स्वस्थ र तन्दुरुस्त, इमान्दार, अनुशासित र जिम्मेवारी वहनमा सक्षमता प्रदान गर्न सक्ने।

ख. कुनै पनि वैंकिङ सार्वजनिक वा सरकारी निकायमा कार्य गरेको अनुभव वा नेपाली सेना, नेपाल/सशस्त्र प्रहरीको तालिम लिई १ वर्षको कार्यानुभव भएको हुनु पर्ने।

**३. उमेर हद:** १८ वर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष उमेर ननाघेको)।

**४. दरखास्त फारम :** यस नगरपालिकाको वेभसाईटwww.manthalimun.gov.np वाट डाउनलोड गरी वा कार्यालयको राजस्व शाखावाट तोकिएको दस्तुर तिरी प्राप्त गर्न सकिने छ।

**५. दरखास्त दस्तुर :** दुवै पदका लागि रु ४००/ (चार सय मात्र)

**६. छनौटको किसिम :** छोटो सूची प्रकाशन, लिखित/प्रयोगात्मक र अन्तर्वाता।

**७. परीक्षा मिति :** छोटो सूची (Short list) को सूचना प्रकाशन हुँदा तय गरिने छ।

**८. सेवा तथा सुविधा : कम्प्युटर सहायकका हकमा** मासिक १८०००/ (अठार हजार मात्र) र सुरक्षा गार्ड/पालेका लागि रु १९,५५०/

**९. करार अवधि :** २०८३ असार मसान्त सम्म। (सेवाको आवश्यकताका आधारमा करार नियमानुसार कार्यपालिका वैठकको निर्णयबाट समयावधि थप हुन सक्ने।)

**१०. कार्य शर्त:**

**(क) कम्प्युटर सहायक:** करारमा सहायक कम्प्युटर अपरेटर व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७९ ले तोकिएका निम्न कार्यहरु गर्नु पर्ने (क) नगर तथा वडा कार्यालयमा सुचना प्रविधिसँग सम्बन्धितद् आवश्यकीय कार्य गर्ने। (ख) नगर तथा वडा कार्यालयबाट हुने राजश्व संकलन तथा राजश्व सुधार कार्यमा सहजिकरण गर्ने। (ग) नगर तथा वडा कार्यालयको वालमैत्री स्थानीय शासन युक्त स्थानीय तहको दीगोपना लगायका अन्य समाज परिचालनका कार्यमा सहजकर्ताको रुपमा कार्य गर्ने। (घ) नगरपालिकाले तोकेका अन्य कार्य गर्ने।

**(ख) सुरक्षा गार्ड/पाले:** मन्थली नगरपालिका र अस्पताल प्रशासनबाट तोकिए बमोजिमका कार्य।

**१०. प्रवेश पत्र वितरण :** परीक्षा मितिका दिन परीक्षाका लागि तोकिएको समय भन्दा १ घण्टा अघिदेखि।

नोट: थप जानकारीका लागि मन्थली नगरपालिकाको कार्यालयको मन्थली नगरपालिकाको website/ Facebook page वा कार्यालयको सोधपुछ कक्ष/फोन नं ०४८-५४०५३२ मा हेर्न/सम्पर्क गर्न सकिने छ।

**छनौट तथा सूचीकरण समिति**